पटेर्वा सुगौली गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ८ संख्याः २ मितिः- २०८२/०४/०१ गते

## भाग-१

## पटेर्वा सुगौली गाउँपालिका

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी पटेर्वा सुगौली गाउँपालिकाबाट यो राजपत्र प्रकाशन गरिएको छ ।

सम्वत् २०८२ सालको ऐन नं.

# पटेर्वा सुगौली गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक २०८२

गाउँ सभाबाट पारित मितिः-२०८२/०३/३२ गते

## पटेर्वा सुगौली गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावनाः** पटेर्वा सुगौली गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम पटेर्वा सुगौली गाउँ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "पटेर्वा सुगौली गाउँपालिकाको आर्थिक ऐन, २०८२" रहेको छ।

(२) यो ऐन २०८२ साल श्रावण १ गतेदेखि पटेर्वा सुगौली गाउँपालिका क्षेत्रमा लागू हुनेछ।

२. **सम्पति करः** गाउँपालिकाका क्षेत्रभित्र **अनुसूचि (१)** बमोजिम सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ।

३. **भूमि कर (मालपोत):** गाउँपालिका क्षेत्रभित्र **अनुसूचि (२)** बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ।

४. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा **अनुसूचि (३)** बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ।

५. **व्यवसाय करः** (१) पटेर्वा सुगौली गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिम व्यापार, व्यवसाय तथा सेवा संचालन गर्न चाहने व्यक्ति वा संस्थालाई व्यवसाय दर्ता गरी व्यवसाय इजाजत प्रदान गरिनेछ। इजाजत प्राप्त व्यवसायीहरुले वार्षिक रुपमा व्यवसाय कर चुक्ता गरी व्यवसाय नविकरण गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्रदान गरिने व्यवसाय इजाजत दस्तुरको दर व्यापार, व्यवसाय तथा सेवा संचालन गर्न लाग्ने लगानीको आधारमा **अनुसूची-४** मा तोकिए बमोजिम हुनेछ।

(४) उपदफा (२) बमोजिमको इजाजत विना गाउँपालिका क्षेत्रभित्र कुनै पनि व्यापार, व्यवसाय तथा सेवा संचालन गर्न पाईने छैन।

(५) उपदफा (४) बमोजिम लिइने व्यवसाय करको दर **अनुसूची-५** मा तोकिए बमोजिम हुनेछ।

(६) यस दफा बमोजिमको कर उठाउनका लागि आवश्यक पर्ने कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्नेछ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरे वापत **अनुसूचि (६)** बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ।

७. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा **अनुसूचि (७)** बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

८. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा प्रदेश कानुन बमोजिम कर हुनेछ।

९. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका **अनुसूचि (८)** मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ।

१०. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत **अनुसूचि (९)** बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

११. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका **अनूसूचि (१०)** मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **दण्ड जरिवानाः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र **अनुसूचि (११)** मा व्यवस्था भए बमोजिम दण्ड जरिवाना गर्न सक्नेछ।

१३. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन। तर गाउँकार्यपालिकाले आवश्यक निर्णय गरी छुट दिन सक्नेछ।

१४. **ठेक्का आह्वान गर्न सक्नेः** (१) यस ऐन बमोजिम संकलन गर्ने सेवा शुल्क र दस्तुर गाउँ कार्यपालिकाले आवश्यकता अनुसार एक आर्थिक वर्षको लागि आय ठेक्का बन्दोवस्त गरी संकलन गर्नसक्नेछ ।तर, आन्तरिक आय वृद्धि हुने देखिएमा वा पटक पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्थामा बढीमा ३ (तीन) वर्षसम्मको लागि एकैपटक ठेक्का बन्दोबस्त गर्न सकिनेछ।

१५. **कर दाखिलाको निस्सा दिनु पर्नेः** करदाताले यस ऐन बमोजिम बुझाउनु पर्ने कर वा गैरकर राजस्व वा अन्य रकम बुझाए पछि करदातालाई तत्काल त्यसको निस्सा दिनु पर्नेछ।

१६. **कर फिर्ता सम्बन्धी व्यवस्थाः** (१) करदाताले यस ऐन बमोजिम कर बुझाउँदा तिर्नु पर्ने भन्दा बढी कर दाखिला वा जुन सेवाको लागि कर दाखिला गरेको भएतापनि उक्त सेवा कार्यालयले उपलब्ध गराउन नसकेमा सो कर रकम फिर्ता माग गर्न सक्नेछ।

(२) उपदफा (१) फिर्ताको लागि निवेदन परेकोमा व्यहोरा साँचो देखिएमा प्रमुख प्रशासकीय अधिकृतले निवेदन परेको एक महिना भित्र माग बमोजिम फिर्ता दिने निर्णय गर्नु पर्नेछ।

१७. **प्रचलित कानुन बमोजिम हुनेः** यस ऐनमा उल्लेख गरिएका बिषयहरुमा यसै बमोजिम र उल्लेख नगरिएका बिषयमा प्रचलित कानुनमा व्यवस्था भए बमोजिम हुनेछ । कानुनमा स्पष्ट व्यवस्था नभएका शिर्षकमा दर कायम गर्नुपर्ने, असुल उपर गर्नुपर्ने भएमा गाउँ कार्यपालिकाको निर्णयानुसार हुनेछ।

१८. **कार्यविधि बनाउन सक्नेः** (१) ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि गाउँपालिकाले आवश्यक कार्यविधि वा निर्देशिका बनाई लागू गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम बनेको कार्यविधि वा निर्देशिका सम्बन्धित गाउँकार्यपालिकावाट स्वीकृत भई गाउँ राजपत्रमा प्रकाशित भए पछि लागू हुनेछ।

## अनुसूची -१
(ऐनको दफा २ सँग सम्बन्धित)
**सम्पत्ति करको दर** (११३१३)

| सि.नं. | करको विवरण | दररेट | कैफियत |
|---|---|---|---|
| १ | एकीकृत सम्पत्ति कर | विस्तृत अध्ययन तथा कार्यविधि तयार भए पश्चात लागु हुने | |

## अनुसूची -२
(ऐनको दफा ३ सँग सम्बन्धित)
**भूमीकर (मालपोत) को दर (११३१४)**

| सि.नं. | जग्गाको किसिम | इकाई | दर (रु.) | कैफियत |
|---|---|---|---|---|
| १ | पिच बाटोमा भएको जग्गा | प्रति कठ्ठा | २५/- | |
| २ | ढलान बाटोमा भएको जग्गा | प्रति कठ्ठा | २०/- | |
| ३ | ग्राभेल बाटोमा भएको जग्गा | प्रति कठ्ठा | १५/- | |
| ४ | कच्ची बाटोमा भएको जग्गा | प्रति कठ्ठा | १०/- | |
| ५ | बाटो नभएको जग्गा | प्रति कठ्ठा | ६/- | |

- नोट: २ वर्षभन्दा लामो समय सम्म कर नबुझाउनेलाई जम्मा कर रकममा २५%, ५ वर्षभन्दा बढी समय नबुझाउनेलाई ३५% , र ८ वर्षभन्दा लामो समय कर नबुझाउनेलाई ५०% थप जरिवाना लाग्नेछ। तर आव २०७४/०७५ भन्दा अगाडिको मालपोत रकम र जरिवाना साबिककै नियम र दररेट अनुसार लाग्नेछ।

## अनुसूची-३

(ऐनको दफा ४ सँग सम्बन्धित।

**घर बहाल कर** (११३२१)

| सि.नं. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | भवन, घर, पसल, ग्यारेज, टहरा, छप्पर वा जग्गा पुरै वा आंशिक तवरले साथै अन्य कुनै आम्दानी हुने गरी बहालमा दिएमा बहाल सम्झौताको | १० प्रतिशत | |

## अनुसूची -४

(ऐनको दफा ५ सँग सम्बन्धित ।

**ब्यवसाय इजाजत (दर्ता) दस्तुरको दर** १४२५३

| क्र.सं | व्यवसायको पूंजी | दस्तुर (रु.) | कैफियत |
|---|---|---|---|
| १ | एक लाख सम्म पूँजी भएको व्यवसाय | २०० | |
| २ | पाँच लाख सम्म पूँजी भएको व्यवसाय | ३०० | |
| ३ | दश लाख सम्म पूँजी भएको व्यवसाय | ५०० | |
| ४ | तीस लाख सम्म पूँजी भएको व्यवसाय | १२०० | |
| ५ | पचास लाख सम्म पूँजी भएको व्यवसाय | २००० | |
| ६ | एक करोड सम्म पूँजी भएको व्यवसाय | ४००० | |
| ७ | पाँच करोड सम्म पूँजी भएको व्यवसाय | १५००० | |
| ८ | दश करोड सम्म पूँजी भएको व्यवसाय | २५००० | |
| ९ | पच्चिस करोड सम्म पूँजी भएको व्यवसाय | ५०००० | |
| १० | पचास करोड सम्म पूँजी भएको व्यवसाय | ८०००० | |
| ११ | पचास करोड भन्दा बढी एक अर्ब सम्म पूँजी भएको व्यवसाय | १५०००० | |
| १२ | एक अर्ब भन्दा माथि पूँजी भएको व्यवसाय | १८०००० | |
| अन्यत्र मुख्य कार्यालय भई गाउँभित्र शाखा कार्यालय सञ्चालन गर्नेको लागि | | ५,०००/- | |

**नोट : व्यवसायलाई गाउँपालिकामा दर्ताको लागि एक पटक मात्र इजाजत (दर्ता) दस्तुर लिईनेछ ।**

## अनुसूची -५
(ऐनको दफा ५ सँग सम्बन्धित।

## व्यवसाय करको दररेट (१४२५३)

| सि.नं. | व्यवसायको प्रकृति | विवरण | वार्षिक दररेट (रु.) | कैफियत |
|---|---|---|---|---|
| १ | मदिरा पसल | वितरक | ३००० | |
| | | थोक | २००० | |
| | | खुद्रा | १००० | |
| २ | चुरोट बिडी सुर्ती जन्य | वितरक | २००० | |
| | | थोक | १५०० | |
| | | खुद्रा | ५०० | |
| ३ | हल्का पेय पदार्थ | वितरक | १५०० | |
| | | थोक | १००० | |
| | | खुद्रा | ५०० | |
| ४ | सुनचाँदी पसल | थोक | १५०० | |
| | | खुद्रा पसल र मर्मत | १००० | |
| ५ | औषधी पसल | थोक | ३००० | |
| | | खुद्रा डाक्टर भएको | २००० | |
| | | खुद्रा डाक्टर नभएको | १५०० | |
| ६ | माछामासु बिक्री पसल | | १००० | |
| ७ | आयुर्वेदिक औषधी पसल | | २०० | |
| ८ | भेट औषधी पसल | थोक | २००० | |
| | | खुद्रा | १००० | |
| | एग्रोभेट पसल (बिउ बिसादी विक्री गर्ने) | थोक | २००० | |
| | | खुद्रा | १००० | |
| ९ | स्टेशनरी तथा पुस्तक पसल | थोक | १५०० | |

| | | | | |
|---|---|---|---|---|
| | | खुद्रा | ५०० | |
| १० | छपाइ तथा प्रकाशन | अफसेट प्रेस | २००० | |
| | | साधारण प्रेस | ५०० | |
| ११ | कस्मेटिक पसल | | १००० | |
| १२ | मोटर पार्ट्स | थोक | २००० | |
| | | खुद्रा | १००० | |
| १३ | प्लाइ तथा ग्लास | थोक | १००० | |
| | | खुद्रा | ५०० | |
| १४ | कपडा/फेन्सी/जुत्ताचप्पल/ब्याग पसल | थोक | १००० | |
| | | खुद्रा | ५०० | |
| १५ | धागो टाक पसल | थोक | १००० | |
| | | खुद्रा | ५०० | |
| १६ | इलेक्ट्रोनिक पसल (मोबाइल, घडी, क्याल्कुलेटर अडियो, भिडियो, आदि) | वितरक | ३००० | |
| | | थोक | १५०० | |
| | | खुद्रा | १००० | |
| १७ | हार्डवेयर/ मेसिनरी/स्यानिटरी/मार्बल पसल | थोक | १००० | |
| | | खुद्रा | ५०० | |
| १८ | पेट्रोलियम पदार्थ | पेट्रोल पम्प | ५००० | |
| | | पेट्रोल बिक्री केन्द्र | ५०० | |
| | | ग्यास सिलिन्डर सब डिलर | १००० | |
| | | मट्टितेल मात्र बिक्री | २०० | |
| १९ | स्टिल आलमुनियम पसल | थोक | १००० | |
| | | खुद्रा | ५०० | |
| २० | फर्निचर | थोक | २००० | |
| | | खुद्रा | १००० | |
| २१ | ढुङ्गा तथा गिट्टी बालुवा बिक्री | खोलाबाट | १०००० | |

| | | | | |
|---|---|---|---|---|
| | वितरण गर्ने | पोखरिबाट प्राविधिक मुल्याङ्कन अनुसार | | |
| २२ | कपडा सिलाइ कटाइ | टेलरिङ | १००० | |
| | | महिलाको लागी निशुल्क | ० | |
| २३ | स्नुकर तथा पुल हाउस | | १००० | |
| २४ | क्यारेम बोर्ड | | २०० | |
| २५ | पशु आहार बिक्री केन्द्र | | १००० | |
| २६ | किराना पसल | थोक | १००० | |
| | | खुद्रा | ५०० | |
| २७ | फलफूल/तरकारी पसल | थोक | ५०० | |
| | | खुद्रा | २०० | |
| २८ | उपहार/ गिफ्ट/ खेलौना पसल | थोक | ५०० | |
| | | खुद्रा | २०० | |
| २९ | भाँडा पसल (स्टील, प्लास्टिक,आल्मुनियम सबैथरी) | थोक | १००० | |
| | | खुद्रा | ५०० | |
| ३० | माटाको भाँडा पसल | थोक, खुद्रा | २०० | |
| ३१ | विशेषज्ञ परामर्श तथा अन्य व्यावसायी सेवा | चिकित्सक | १००० | |
| | | कन्सल्टेन्ट सेवा(इन्जिनियरिङ्ग) | १००० | |
| | | कानुन व्यावसायी ल फर्म | १००० | |
| | | लेखापरीक्षण व्यावसायी | १००० | |
| | | दन्तचिकित्सक | १००० | |
| | | अनुसन्धानकर्ता परामर्शदाता | १००० | |
| | | पशु चिकित्सक डाक्टर | १००० | |
| | | रोजगार सेवा | १००० | |

| | | | | |
|---|---|---|---|---|
| ३२ | ढुवानी तथा ट्रान्सपोर्ट | | १००० | |
| ३२ | पेन्टर/ साइनबोर्ड लेख्ने | | ५०० | |
| ३३ | यस वर्गीकरणमा नपरेका व्यवसायको हकमा | | १००० | |
| | | उत्पादनमूलक उद्योग | | |
| ३४ | ग्रील उद्योग | | १००० | |
| ३५ | जुत्ता उद्योग | | ५०० | |
| ३६ | घरेलु कुटिर उद्योग(अगरबत्ती, मैनबत्ती,टीकी, अचार तथा अन्य कुटिर) | | ५०० | |
| ३७ | कपडा तथा गार्मेन्ट उद्योग | | १००० | |
| ३८ | सिरक डसना उद्योग पसल | | १००० | |
| ३९ | कुटानी पिसानी/ मिल (सेलर मिल) | | १००० | |
| ४० | मसला मिल | | २०० | |
| ४१ | डेरी उद्योग/ व्यवसाय | | ५०० | |
| ४२ | वनजन्य उद्योग | काठ बिक्री डिपो/समिल | २००० | |
| ४३ | क्रसर/इटा भट्टा उद्योग | | १०००० | |
| | कन्क्रीट ब्लक बनाउने उद्योग | | २००० | |
| ४४ | सुर्तिजन्य उद्योग | | ५००० | |
| ४५ | होटल लज रेष्टुरेन्ट | होटल र लज | १००० | |
| | | भोजनालय | ५०० | |
| | | मिठाई पसल | ५०० | |
| | | पार्टी प्यालेस | २५०० | |
| | | रेष्टुरेन्ट-बार | २००० | |
| | | चिया र खाजा पसल | ५०० | |

| | | | | |
|---|---|---|---|---|
| | | साना,खाजा-नास्ता पसल (मदिरासहित) | २००० | |
| | | होमस्टे | २००० | |
| | कुखरा बाख्रा माछापालन (पशुपन्छी) पालन गर्ने उद्योग | ह्याचरी उद्योग | १०००० | |
| | | कुखरापालन (पोल्ट्री फार्म) | २००० | |
| | | भैंसी/गाई/बाख्रा/बंगुर पालन फार्म | २००० | |
| | | माछापालन (प्रति कठ्ठा) | १०० | |
| ४६ | टेन्ट हाउस | | ३००० | |
| | | **सेवामूलक उद्योग** | | |
| [illegible] | सञ्चार | एफ.एम. प्रसारण | २००० | |
| | | केवुल च्यानल प्रसारण | २००० | |
| | | पत्रपत्रिका प्रकाशन सेवा | १००० | |
| | | फोटोकपी, पी.सि.ओ साइबर तथा क्याफे | ५०० | |
| | | कुरियर सेवा | १००० | |
| | | कलर ल्याब/ फोटोस्टुडियो | ५०० | |
| | | ईन्टरनेट सेवा प्रदायक | २००० | |
| ४८ | वित्तीय | वाणिज्य वैंक प्रति शाखा | १०००० | |
| | | विकास वैंक प्रति शाखा | ८००० | |

| | | | | |
|---|---|---|---|---|
| | | फाइनान्स कम्पनी शाखा कार्यालय | ६००० | |
| | | वित्तीय/ ऋण सहकारी संस्था | ५००० | |
| | | मनी ट्रान्सफर | ३००० | |
| | | विमा कम्पनी | २००० | |
| | | लघु वित्त | ५००० | |
| ४९ | सहकारी दर्ता शुल्क | वित्तीय/ ऋण सहकारी संस्था बाहेक | ५०० | |
| ५० | कृषक समुह दर्ता शुल्क | | २०० | |
| ५१ | स्वास्थ्य सेवा व्यवसाय | निजी अस्पताल तथा नर्सिङ्ग होम | २५०० | |
| | | क्लिनिक तथा ल्याब | १००० | |
| | | चस्मा पसल | ५०० | |
| ५२ | शिक्षा सेवा (निजीं) | क्याम्पस | ५००० | |
| | | मावि/ उच्चमावि (दश जोड दुई) | २००० | |
| | | मा.वि ( कक्षा८-१०) | १५०० | |
| | | आधारभूत कक्षा (६-८) | १५०० | |
| | | प्राथमिक (१-५) | १५०० | |
| | | छात्रावास | १५०० | |
| | | मन्टेश्वरी | १५०० | |
| | | पूर्व प्राथमिक | ८०० | |
| | | ट्युशन सेन्टर | १००० | |
| | | कम्प्युटर / नृत्यकला सिकाइ केन्दर | १००० | |
| | | तालीम तथा अनुसन्धान केन्द्र | १००० | |

| | | | | |
|---|---|---|---|---|
| ५३ | मर्मत सम्भार | टायर-ट्युव मर्मत, रिसोलिङ्ग,हावा भर्ने | ५०० | |
| | | इन्जिन मर्मत | १५०० | |
| | | टि.भी, फ्रिज, मोटर, पङ्खा, रेडियो, घडी जेनेरेटर, कम्प्युटर, मोबाइल (इलेक्ट्रोनिक) | १००० | |
| | | मोटरसाइकल मर्मत | १००० | |
| | | बस,ट्याक्सी लगायतका सवारी साधन मर्मत | २००० | |
| | | अन्य विविध मर्मत | ५०० | |
| ५४ | ड्राइ क्लिनिक, व्युटी पार्लर तथा सैलुन | | ५०० | |
| ५५ | फलफूल विरुवा पसल | | ५०० | |
| ५६ | गैर सरकारी संस्थाहरु | राष्ट्रियस्तर | ५०० | |
| | | अन्तराष्ट्रियस्तर | २००० | |

## अनुसूची -६

(ऐनको दफा ६ सँग सम्बन्धित)

**जडिबुटी, कवाडी, जीवजन्तु करको दर (11632)**

गाउँपालिकाबाट जडिबुटी, कबाडी, जीवजन्तु कर संकलन सम्बन्धी कानुन जारी भए पश्चात मात्र जडिबुटी, कवाडी, जीवजन्तु कर लागु हुनेछ।

## अनुसूची -७

(ऐनको दफा ७ सँग सम्बन्धित)

**विज्ञापन करको दर(११४७२)**

| सि.नं. | राजश्वको क्षेत्रहरु | इकाई | दररेट | कैफियत |
|---|---|---|---|---|
| १ | होर्डिङ्ग बोर्ड, भित्ते लेखन, ब्यानर तथा व्यवसायिक विज्ञापन | प्रति वर्ग फीट मासिक | २५ | |

## अनुसूची -८
(ऐनको दफा ९ सँग सम्बन्धित)
**वहाल बिटौरी शुल्कको दर (११३२२)**

| सि.नं. | राजश्वको क्षेत्रहरु | इकाई | प्रस्तावित दर | कैफियत |
|---|---|---|---|---|
| | पसल | | | |
| १ | गाउँपालिकाले आफुले निर्माण रेखदेख वा संचालन गरेको हाट बजार | प्रति वर्ग फीट मासिक | ४० देखि ५० | |
| २ | सार्वजनिक स्थल, बाटो छेउ ऐलानी जग्गामा | प्रति वर्ग फीट मासिक | १५ देखि २५ | |
| | अस्थायी हाटबजार | | | |
| १ | टोकरी पसल | प्रति दिन | १०/- | |
| २ | साग सब्जी र फलफूल पसल सानो | प्रति दिन | १५/- | |
| ३ | साग सब्जी र फलफूल पसल ठुलो | प्रति दिन | ३०/- | |
| ४ | पकौडा, समोसा, जेरी, पानिपुरी आदि जस्ता पसल सानो | प्रति दिन | २०/- | |
| ५ | पकौडा, समोसा, जेरी, पानिपुरी आदि जस्ता पसल ठुलो | प्रति दिन | ४०/- | |
| ६ | माछा, मासु पसल | प्रति दिन | ५०/- | |
| ७ | अन्य पसल सानो | प्रति दिन | १५/- | |

## अनुसूची -९
(ऐनको दफा १० सँग सम्बन्धित)
**पार्किङ्ग शुल्कको दर (१४२४१)**

| सि.नं. | राजश्वको क्षेत्रहरु | इकाई | प्रस्तावित दर | कैफियत |
|---|---|---|---|---|
| १ | मोटरसाइकल, स्कुटर जन्य सवारी साधन | दैनिक | ५०/- | |
| २ | प्राईभेट कार, जीप, भ्यान जन्य सवारी साधन | दैनिक | १००/- | |
| ३ | विदेशी नम्बर प्लेटका सवारी साधन प्रति सवारी | दैनिक | १६०/- | |
| ४ | बस, मिनिबस, ट्रक, टयाक्टर, लहरी प्रति सवारी | दैनिक | २००/- | |
| ५ | सरकारी सवारीसाधन | दैनिक | नि:शूल्क | |

नोट: पार्किङ्ग शुल्क स्थल व्यवस्थित भएपछि मात्र लाग्ने।

## अनुसूची -१०
(ऐनको दफा ११ सँग सम्बन्धित)
### सेवा शुल्क, दस्तुरको दर (१४२१९)

| सिफारिस तथा प्रमाणित शुल्क | | | | |
|---|---|---|---|---|
| सि.नं. | विवरण | विस्तृत विवरण | दररेट (रु.) | कैफियत |
| १ | नागरिकता सिफारिस | | नि:शुल्क | |
| २ | नागरिकता प्रतिलिपी सिफारिस | | नि:शुल्क | |
| ३ | वैवाहिक अंगिकृत नागरिकता सिफारिस | | नि:शुल्क | |
| ४ | घरजग्गा नामसारी सिफारीस | | १०० | |
| ५ | मोही लगत कट्टा सिफारीस (प्रति कित्ता) | | १०० | |
| ६ | घर कायम सिफारीस | | १०० | |
| ७ | सरजमिन मुचुल्का दस्तुर | | ५०० | |
| ८ | छात्रवृति सिफारीस | | निशुल्क | |
| ९ | विपन्न/असहाय विद्यार्थी छात्रवृति सिफारीस | | निशुल्क | |
| १० | अपाङ्गता भएको सिफारीस | | निशुल्क | |
| ११ | अस्थाइ बसोबास सिफारीस | | १०० | |
| १२ | स्थायी बसोबास सिफारीस | | १०० | |
| १३ | विद्युत जडान सिफारीस | | १०० | |
| १४ | धारा जडान सिफारीस | | १०० | |
| १५ | जीवित रहेको सिफारीस | | १०० | |
| १६ | दुबै नाम गरेको व्यक्ति एकै हो भन्ने वा फरक जन्ममिति संशोधन सिफारीस | | १०० | |
| १७ | व्यवसाय बन्द सिफारीस | | १०० | |
| १८ | व्यवसाय सञ्चालन नभएको सिफारीस | | १०० | |
| १९ | व्यापार व्यवसाय नभएको सिफारीस | | १०० | |
| २० | कोर्ट फी मिनाहा सिफारीस | | निशुल्क | |
| २१ | नाबालक परिचयपत्र सिफारीस | | १०० | |
| २२ | चौपाया सम्बन्धी सिफारीस (प्रति चौपाया) | | १०० | |

| | | | | |
|---|---|---|---|---|
| २३ | व्यवसाय दर्ता सिफारीस | | १०० | |
| २४ | उद्योग ठाउँसारी सिफारीस | | ५०० | |
| २५ | निजी विद्यालय ठाउँसारी सिफारीस (वडा कार्यालयबाट) | | ५०० | |
| २६ | आन्तरिक बसाइसराइ सिफारीस | | २०० | |
| २७ | निजी विद्यालय सञ्चालन स्वीकृत कक्षा वृद्धि/ सिफारीस (वडा कार्यालयबाट) | | ५०० | |
| २८ | व्यक्तिगत विवरण सिफारिस/ नवीकरण सिफारीस/आचरण | | १०० | |
| २९ | संरक्षक सिफारीस | | १०० | |
| ३० | नेपालसरकारको नाममा बाटो कायम सिफारीस | | १०० | |
| ३१ | कोठा खोल्न कार्य रोहबरमा बस्ने सिफारीस( प्रहरी तथा प्रशासन का.प्रयोजन) | | १०० | |
| | घर तथा कोठा खोल्न कार्य रोहबरमा बस्ने | | ५०० | |
| ३२ | स्वास्थ्य उपचारको सिफारीस | | निशुल्क | |
| ३३ | जग्गा धनीपुर्जा हराएको सिफारीस | | १०० | |
| ३४ | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | | ५०० | |
| ३५ | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | | निशुल्क | |
| ३६ | जग्गा मुल्याङ्कन सिफारीस/ प्रमाणित | | रु १०० प्रति लाख | |
| ३७ | चारकिल्ला प्रमाणित | | १०० | |
| ३८ | जन्ममिति प्रमाणित | | १०० | |
| ३९ | घर बाटो प्रमाणित | पिच तथा पक्की बाटो | ३०० | |
| | | ग्राभेल तथा कच्ची बाटो | २०० | |
| | | बाटो नभएको | १०० | |
| ४० | विवाह प्रमाणित | | १०० | |
| ४१ | कपाली तमशुक प्रमाणित | | २०० | |
| ४२ | घर पाताल प्रमाणित | | १०० | |
| ४३ | कागज/ मञ्जुरिनामा माणित | | २०० | |

| | | | |
|---|---|---|---|
| ४४ | हकवाला वा हकदार प्रमाणित | १०० | |
| ४५ | अविवाहित प्रमाणित | १०० | |
| ४६ | अपुताली सिफारिस (कट्ठाको) | १०० | |
| ४७ | अन्य सिफारीस वा प्रमाणित | १०० | |
| ४८ | जीवित सँगको नाता प्रमाणित | १०० | |
| ४९ | मृतकसँगको नाता प्रमाणित | १०० | |
| | वार्षिक आम्दानी प्रमाणित | १०० | |
| | परिवारिक विवरण सिफारिस | १०० | |
| ५० | माथि उल्लेख नभएको अन्य सिफासिस | ५०० | |

माथि उल्लिखित सिफारीस वा प्रमाणितको प्रतिलिपी आवश्यक परेमा पनि सुरु तोकिएको दस्तुर पुन: लाग्नेछ। र उल्लिखित कागजात अंग्रेजी भाषामा आवश्यक परेमा तोकिएको दस्तुरमा थप रु. २०० लाग्नेछ। माथि उल्लिखित सिफारीस र प्रमाणित बाहेक कुनै निर्णय वा फैसला आदिको नक्कल आवश्यक परेमा प्रति पाना रु. १० रुपयाँ दस्तुर लाग्नेछ।

## पञ्जीकरण (घटना दर्ता) शुल्क

| सि.नं. | विवरण | दररेट(रु.) | कैफियत |
|---|---|---|---|
| १ | जन्म दर्ता | २०० | ३५ दिनभित्र भए निशुल्क अन्यथा |
| २ | मृत्य दर्ता | २०० | |
| ३ | बसाइसराइ जाने आउने दर्ता | २०० | |
| ४ | सम्बन्धविच्छेद दर्ता | २०० | |
| ५ | विवाह दर्ता | २०० | |
| ६ | जन्म, विवाह, मृत्यु, बसाईसराई, सम्बन्ध विच्छेदको दर्ताको प्रतिलिपी | ५०० | |

## संघ, संस्था दर्ता तथा नवीकरण शुल्क

| सि.नं. | विवरण | दररेट(रु.) | कैफियत |
|---|---|---|---|
| १ | संघ संस्था दर्ता ( गाउँपालिका कार्यालयमा) | १००० | |
| २ | संघ संस्था नवीकरण शूल्क ( गाउँपालिका कार्यालयमा) | ५०० | |
| ३ | संघ संस्था दर्ता खारेजी शूल्क ( गाउँपालिका कार्यालयमा) | ५०० | |

| | | | |
|---|---|---|---|
| ४ | "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र दस्तुर | १०००० | |
| ५ | "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र नवीकरण दस्तुर | ५००० | |
| ६ | "घ" वर्गको निर्माण व्यवसायी नामसारी तथा नाम संशोधन इजाजतपत्र नवीकरण दस्तुर | ५००० | |

## घर नक्सा पास सम्बन्धी दस्तुर

| सि.नं. | विवरण | दररेट(रु.) | कैफियत |
|---|---|---|---|
| १ | नक्सा पास निवेदन फाराम | १००० | |
| २ | नक्सा पास दस्तुर प्रतिवर्ग फिट (RCC संचरना) | ५ | |
| ३ | नक्सा पास दस्तुर प्रतिवर्ग फिट (Load Bearing संचरना) | ४ | |
| ४ | नक्सा पास दस्तुर (पर्खाल निर्माण) रनिङ्ग फिट | १ | |
| ५ | नक्सा अभिलेखीकरण (तोकिएको दस्तुरमा ८० प्रतिशत जरिवाना गरी पास गर्ने ) | | |

## प्रशासनिक कार्य दस्तुर

| सि.नं. | विवरण | | दररेट(रु.) | कैफियत |
|---|---|---|---|---|
| १ | कर्मचारी भर्ना परीक्षा शूल्क तथा फारम दस्तर( अधिकृतस्तर) | | १००० | |
| २ | कर्मचारी भर्ना परीक्षा शूल्क तथा फारम दस्तर( सहायकस्तर) | | ५०० | |
| ३ | बोलपत्र दस्तुर | खरिद ऐन तथा नियमावली बमोजिम | | |
| ४ | सूची दर्ता | | निशूल्क | |
| ५ | जग्गा नापजाँच | घर/घरेडी | १००० | |
| | | सरेह/खेती | १५०० | |
| | | सर्वजानिक जग्गा | निशुल्क | |

## न्यायिक समिति सम्बन्धी दस्तुर

| सि.नं. | विवरण | दररेट(रु.) | कैफियत |
|---|---|---|---|
| १ | निवेदन दर्ताका लागि टिकट शुल्क | १० | |
| २ | उजुरी दर्ता तथा मुद्दा दस्तुर | २०० | |
| | प्रतिउत्तर जोड्ने दस्तुर | २०० | |
| ४ | साँध सिमाना छुट्याए वापतको शुल्क | ५०० | |

| | | | |
|---|---|---|---|
| ५ | मिलापत्र दस्तुर | नि:शुल्क | |
| | महिला, बालबालिका तथा जेष्ठ नागरिक सम्बन्धी निवेदन दस्तुर | नि:शुल्क | |

**कृषि सेवा सम्बन्धी दस्तुर**

| सि.नं. | विवरण | दररेट(रु.) | कैफियत |
|---|---|---|---|
| १ | रासायनिक मल बिक्रेता दर्ता/नवीकरण सिफारिस | ५००/२०० | |
| २ | बिउबिजन कारोबार अनुमति पत्र दर्ता/नवीकरण | १०००/५०० | |
| ३ | खुद्रा विषादी बिक्रेता अनुमति पत्र दर्ता/नवीकरण | १०००/५०० | |
| ४ | कृषि मिटर सिफारिस (गाउँपालिका कार्यालयबाट) | १०० | |
| ५ | कृषि शाखा सम्बन्धी अन्य सिफारिस | १०० | |

**पशु सेवा सम्बन्धी दस्तुर**

| सि.नं. | विवरण | दररेट(रु.) | कैफियत |
|---|---|---|---|
| १ | रेविज खोप प्रति पशु (अभियानबाहेक) | १०० | |
| २ | पशु बन्धाकरण प्रति पशु | नि:शुल्क | |
| ३ | पशु चेकजाँच दस्तुर (प्रति पशु) | २० | |
| ४ | कृत्रिम गर्भधान सेवा (प्रति पशु) | ५०० | |
| ५ | पशु तथा बाली बिमा सिफारिस | १०० | |

**एम्बुलेन्स सम्बन्धी दस्तुर**

| सि.नं. | विवरण | दररेट(रु.) | कैफियत |
|---|---|---|---|
| १ | गाउँपालिका देखि विरगंज/ रक्सौल | १५०० | |
| २ | छिमेकी गाउँपालिका देखि वीरगंज/रक्सौल | १८०० | |
| ३ | गाउँपालिका देखि नारायणघाट,भरतपुर | ७००० | |
| ४ | गाउँपालिका देखि काठमाण्डौं नारायणघाट,भरतपुरको बाटो | १५००० | |
| ५ | गाउँपालिका देखि काठमाण्डौं ,भिमफेदीको बाटो | ८००० | |
| ६ | गाउँपालिका भित्र | ३०० | |
| ७ | छिमेकि गाउँपालिका देखी आधारभुत अस्पतालहरु सम्म | ५०० | |
| ७ | OXYGEN को थप रकम लग्नेछ | १००० | |

## गाउँपालिकाको मेशिनरी सामग्री प्रयोगसँग सम्बन्धी शुल्क

| सि.नं. | विवरण | | दररेट(रु.) | कैफियत |
|---|---|---|---|---|
| १ | सेप्टी टयाङ्कि | रिंङ्ग | ८०० | |
| | | ठूलो ट्याङ्कि | १२०० | |
| | | रिंङ्ग (पालिका बाहिर) | २००० | |
| | | ठूलो ट्याङ्कि(पालिका बाहिर) | ३००० | |
| २ | जे.सि.भि | प्रति घन्टा (ईन्धन बाहेक) | १५०० | |
| | | बाध पैनई,कुलो (सिचाई प्रयोजन) (ईन्धन बाहेक) | ५०० | |
| ३ | ४ नं.वडा कार्यालय हल भाडा | प्रतिदिन | २००० | |
| ४ | प्रोजेक्टेर भाडा | प्रतिदिन | १००० | |

## शिक्षा सम्बन्धी शुल्क

| सि.नं. | विवरण | दररेट(रु.) | कैफियत |
|---|---|---|---|
| २ | निजी विद्यालय कक्षा थप (प्रति कक्षा) | २००० | |
| ३ | परीक्षा शुक्क कक्षा ८ (प्रति विद्यार्थी) | २७५ | |
| ४ | प्रमाणपत्रको प्रतिलिपी तथा नाम सच्याउने | २०० | |

### अनुसूची -११
(ऐनको दफा १२ सँग सम्बन्धित)

### दण्ड जरिवाना (१४२१९)

| सि.नं. | दण्ड जरिवानाको क्षेत्र | दर (रु.) | कैफियत |
|---|---|---|---|
| १ | नदीबाट अवैध रुपमा ढुङ्गा गिट्टी, बालुवा उत्खनन भएमा (पहिलो पटक ५००० द्रोस्रो पटक १०००० र सोभन्दा माथि २५०००) | | |
| २ | "घ" वर्गको निर्माण व्यवासयी ईजाजत पत्र नवीकरण विलम्ब शुल्क नवीकरण दस्तुरको ५० प्रतिशत जरिबाना लाग्ने छ। | | |
| ३ | न्यायिक समितिबाट फैसला भएको दण्ड जरिवाना (न्यायिक समितिको निर्णयानुसार) | | |